प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
**घरेलु तथा साना उद्योग कार्यालय**
दाङ
☎ ०८२-५६०००४
☎ ०८२-५६३३६९

# सूचना ! सूचना !! सूचना !!!

## उद्यमशिलता विकास, सीप र प्रविधिमा आधारित नयाँ उद्यमी तयार तालिम सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०७८।९।९

घरेलु तथा साना उद्योग कार्यालय दाङको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार उद्यमशिलता विकास, सीप र प्रविधिमा आधारित नयाँ उद्यमी तयार कार्यक्रममा २० जनालाई ८ दिने उद्यमशिलता विकाश तालिम (शैद्धान्तिक कक्षा) र सो तालिमवाट छनौट भएको विषयमा सीप तालिम दिने कार्यक्रम रहेकाले १८ वर्ष उमेर पुरा भएका ईच्छुक नेपाली नागरिक, साधारण लेखपढ गर्न जान्ने, वैदेशिक रोजगारवाट फर्केको २ वर्ष ननाघेकोलाई प्राथमिकताका साथ तालिम प्राप्त गरे पश्चात ब्यवसाय गर्ने प्रतिवद्ध व्यक्तिहरुले तपशिलको सुविधामा तालिम गर्न ईच्छुक ब्यक्तीहरुले यस कार्यालयवाट प्राप्त हुने फारम भरी यो सूचना प्रकाशित मितिले १५ दिन भित्र सो दिन विदा परेमा कार्यालय खुलेको अर्को एक दिन सम्म कार्यालय समय भित्र फारम भरी तालिम लिन इच्छुक व्यक्ति यस कार्यालयमा निवेदन पेश गर्न सबैलाई सूचित गरीन्छ।

**तालिमका सहभागीलाई प्राप्त हुने सेवा सुविधा**

१. तालिम सामग्री निः शुल्क कार्यालयले उपलब्ध गराउनेछ ।
२. प्रशिक्षार्थीहरुलाई हाजिर भएको दिनको खाजा खर्च रु १००/ तालिम समाप्त भएपछि एकमुष्ट नगदै प्रदान गरिनेछ ।
३. तालिम समाप्ती पछी प्रमाण पत्र प्रदान गरिनेछ । यदि ८० प्रतिशत उपस्थित नहुने प्रशिक्षार्थीलाई कुनै पनि सेवा सुविधा प्रदान गरिनेछैन ।
४. तालिम समाप्तीपछि प्रशिक्षार्थीलाई सीप तालिम अवधीमा प्रयोग भएका वा आवश्यकता र वजेट व्यवस्था हुने भएमा थप मेसिन उपकरण ८० प्रतिशत कार्यालयको र २० प्रतिशत प्रशिक्षार्थीको हुने गरी मेसिन उपकरण प्रदान गर्न सकिनेछ ।
५. तालिम अवधी पाठ्यक्रम अनुसार हुनेछ ।
६. तालिम घरेलु तथा साना उद्योग कार्यालय दाङको तालिम हलमा कम्तीमा दैनिक ४ घण्टा सञ्चालन हुनेछ ।
७. एक परिवारमा एकजना मात्र समावेश गरिनेछ ।
८. आवश्यकताभन्दा वढी आवेदन परेमा अन्तरवार्तावाट छनौट गरिनेछ ।
९. तालिम सञ्चालन हुने मिति पछि जानकारी गराइनेछ ।

घरेलु तथा साना उद्योग कार्यालय
दाङ